# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क १९ पूर्णाङ्क ११७ | २०७५ कात्तिक १२ गते सोमबार | Monday, Oct. 29, 2018 | पृष्ठ ८+२=१० | मूल्य रु. १०/-


## बरिष्ठ पत्रकार हुमागाईको निधन, १६ गते श्रद्धाञ्जीसभा गरिने



काठमाडौं । कलेजो रोगबाट पीडित भई लामो समयदेखि उपचार गराइरहेका बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईको ६५ वर्षको उमेरमा कार्तिक ४ गते आइतबार निधन हुन पुगेको छ । हुमागाईको सानेपा स्थित जेष्ठ नागरिक केयर होममा आइतबार दिउसो ३ : ५० मा निधन भएको हो । हुमागाईको आइतबारै साँझ पशुपति आर्यघाटमा अन्त्यष्टी गरियो । हुमागाईप्रति अन्तिम श्रद्धाञ्जलीका लागि नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटव्यूरो सदस्य पवनमान श्रेष्ठ, केस तथा काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठ, ...बाँकी ३ पेजमा

# क्रान्तिकारी माओवादीको केन्द्रीय प्रशिक्षक प्रशिक्षण सुरु

● वर्गदृष्टि संवाददाता



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ले पार्टी केन्द्रीय स्कुलिङ विभागको आयोजनामा आइतबार काठमाडौंमा प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समुद्घाटन गरेको छ । पार्टी महासचिव मोहनवैद्य 'किरण' द्वारा पार्टी केन्द्रीय कार्यालय वुद्धनगरमा उद्घाटित उक्त कार्यक्रम कात्तिक ११ गतेदेखि १७ गते सातदिनसम्म आवासीय रूपमा चल्ने बताइएको छ ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन मन्तव्यका क्रममा सात दिनसम्म हुँदै गरेको यो प्रशिक्षक प्रशिक्षणको ठूलो र दीर्घकालीन महत्व रहेको भन्दै महासचिव किरणले विश्वमा कम्युनिज्म समाप्त भएको भन्ने भ्रम परिरहेको र नेपालमा नामधारी कम्युनिस्टहरू बहुमतको जनादेशसहित सरकारमा आएर केही पनि गर्न नसकिरहेको अर्को भ्रम परिरहेको अवस्थामा यो वैचारिक प्रशिक्षण कार्यक्रम हुन लागिरहेको बताएका थिए । यो प्रशिक्षण मुख्यतः विचारमा आधारित भएकाले 'आइडियोलोजी' लाई प्रशिक्षणमार्फत् 'हेडोलोजी' मा रूपातन्तरण गरिने कुरामा जोड दिँदै नेता किरणले यो प्रशिक्षण वर्ग र वर्गीय कुरामा आधारित रहेको बताए ।

महासचिव किरणका अनुसार विचारधाराका हिसाबले नेपालमा हालसम्म पुरातनपन्थी, प्रतिक्रियावादी, पुँजीवादी स्कुलिङ पनि अस्तित्वमा रहेका छन् । तर हाल यी किनारा लाग्दै पनि गइरहेका छन् भन्दै जनताका माझमा रहेका कम्युनिस्ट भन्नेहरूमा पनि विभिन्न स्कुलिङहरू रहेको कुरामा जोड दिएका थिए । यिनमा पतनभई प्रतिक्रियावादमा परिणत भएका घोर दक्षिणपन्थीहरूको ओली-दाहालको नेकपा स्कुलिङ, क्रान्तिका कुरा गर्ने तर क्रान्ति कहिल्यै नगर्ने मध्यपन्थी मसालको मोहनविक्रम स्कुलिङ र मार्क्सवाद नै पुरानो भयो भनेर मार्क्सवादको सारतत्वमाथि हमला गर्दै नयाँ मार्क्सवादी जलप दिनखोज्ने नव वा उत्तर मार्क्सवादी रमेश सुनुवारहरूको स्कुलिङ रहेको बताएका थिए । यिनीहरूले रूपमा जाँदा कम्युनिस्ट पार्टीको क्लास दिने, तर वर्गीय पार्टी र वर्गीय पक्षधरता सिद्धिएको भनेर मार्क्सवादी सारतत्वमाथि हमला गर्ने र यसलाई भ्रष्टिकरण गर्ने भनी किरणले जोड दिएका थिए ।

यस बाहेक कम्युनिस्ट स्कुलिङ भनेको नेकपा (क्रान्तिकारी माओवादी) को स्कुलिङ हो भन्दै महासचिव वैद्यले क्रान्तिकारीहरूमा पनि मुखले भन्दा कम्युनिस्ट भन्ने तर अध्ययन नगर्ने समस्या रहेको कुरामा जोड दिएका थिए । सातदिनसम्म चल्न गइरहेको आवासीय स्कूलिङको मुख्य उद्देश्य भनेको महासचिव किरणको भनाइमा मार्क्सवादका तीन मुख्य संघटक अंगहरू जस्तै दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा, आजको नेपालको सन्दर्भमा क्रान्तिकारीहरूलाई चाहिएका र खोजेका कुराहरू केके हुन् यिनका बारेमा अध्ययन र अनुसन्धान हो ।

प्रशिक्षक प्रशिक्षणका लागि केन्द्रीय पार्टी स्कुलिङका अध्यक्ष परि थापाले देशका सातवटै प्रदेशहरूबाट ३० जनालाई केन्द्रीय प्रशिक्षार्थीहरूका रूपमा छनोट गरिएको र त्यसमा पार्टीका केन्द्रिय समिति सदस्य तथा जिल्ला पार्टीका सेक्रेटरीहरू रहेको बताए । यो प्रशिक्षण कार्यक्रम नियमित स्कूलिङ नभएको तर देशभर स्कुलिङ र प्रशिक्षणका लागि प्रशिक्षकहरू तयार पार्ने ध्येयका साथ आयोजना गरिएको कुरामा जोड दिँदै जहाँ पनि र जहिले पनि जान सक्ने तयारी हालतमा रहने दक्ष र योग्य प्रशिक्षकको निर्माण हुने आशा व्यक्त गरेका थिए ।

थापाले 'साउण्ड हेल्थ साउण्ड माइण्ड' भने झैं वैचारिक र भौतिक दुवै रूपमा प्रशिक्षणको ...बाँकी ३ पेजमा

## सुकुण्डा न्याली गरिने

काठमाडौं । ने.सं. ११३९ न्हूदँयाको उपलक्ष्यमा काठमाडौं महानगरपालिकाको पुरानो भवन डबलीमार्ग ठमेलमा सुकुण्डा न्याली गरिने भएको छ । कात्तिक २० गते कुकुर पूजाको दिन नेवाः ल्याम्ह पुचः मचाः कवःको आयोजनामा गरिने सुकुण्डा न्यालीमा स्थानीय बुद्धिजीवी, समाजसेवी, राजनीतिज्ञ तथा जनप्रतिनिधिहरूको उपस्थिति हुने आयोजक संस्थाले जनाएको छ । आयोजक संस्थाले शनिबार गरेको चियापान तथा अन्तर्क्रिया कार्यक्रम आयोजना समेत गरेको थियो । कार्यक्रमको अध्यक्षता आयोजक संस्थाका अध्यक्ष अनिल महर्जनले गरेका थिए । यो संस्थाले प्रत्येक वर्ष कुकुर पुजाको दिन सुकुण्डा न्याली गर्दै आएको छ ।

## माओले त्यसै चलाएका होइनन् 'सर्वहारा सांस्कृतिक क्रान्ति'



काठमाडौं । कोजाग्रत पूर्णिमा दसैंको अन्तिम दिन । दसैं सकियो, चर्चा चुलिंदो छ । महामहिम राष्ट्रपतिको हातबाट टीका ग्रहण गरिएको असामान्य दृष्यले नेपाली जनताको ध्यान निकै आकर्षित गरेको छ ।

राजा ज्ञानेन्द्रका ठाउँमा राष्ट्रपति विद्यादेवी भण्डारी । पहिले महाराजाधिराज, अहिले महामहिम ...बाँकी ३ पेजमा

# नक्कली नक्सा प्रयोगका विरुद्ध देजमो र क्रान्तिकारी युवा लिगको अनुगमन



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र क्रान्तिकारी युवा लिग, नेपाल काठमाडौं जिल्ला कमिटिको संयु क्त टोलीले सरकारी कार्यालयहरूमा नक्कली नक्सा प्रयोगका विरुद्ध अनुगमन थालेको छ । संयुक्त टोलीले पहिलो चरणमा असोज २८ गते विभिन्न सरकारी कार्यालयमा अनुमगम गरेको थियो । अनुगमनको क्रममा संखरापुर, कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकामा कालापानी क्षेत्र गायब पारिएको नक्कली नक्सा प्रयोग गरेको पाइएको थियो । देजमो र क्रान्तिकारी युवा लिगको संयुक्त टोलीले नक्कली नक्सा प्रयोग भएको फेला पारेपछि नगरपालिकाको कार्यालयमा भेटिएका जनप्रतिनिधिहरूले नक्कली नक्सा हटाई सक्कली नक्सा (कालापानी क्षेत्र भएको) प्रयोग गर्ने प्रतिबद्धता जनाएका थिए। संखरपुरा नगरपालिकाकी उपमेयर शुक्र लक्ष्मी श्रेष्ठले सक्कली नक्सा प्रयोगको लागि सतर्क र सचेत गराएकोमा अनुगमन टिमलाई धन्यवाद समेत दिएकी थिइन । उनले दशैंपछि लगतै उक्त नक्सा हटाएर सक्कली नक्सा प्रयोग गर्ने प्रतिवद्धता जनाएकी थिइन । अनुगमन टोलीले सक्कली नक्सा प्रयोगको ...बाँकी ३ पेजमा

## किसानलाई सास्ती बैंकहरुद्वारा ऋण रोक्का

काठमाडौं । नेपाल राष्ट्र वैंकले ठूला ऋण कर्जा नदिन मातहतका सबै वैंकहरूलाई निर्देशन दिएको छ । वैंकमा नगद पैसाको अभाव देखिए पछि यो निर्देशन दिइएको बताइएको छ । दसैंको मुखमा आउँदा यो अभाव जनस्तरमा नै देखिएको थियो । आन्तरिक उत्पादन घट्दै जानु, निर्यात व्यापारमा कमी आउनु, वैदेशिक रोजगारीका सहमति र संझौताहरूमा संकट देखा पर्नु, डलरको भाउ आकाशिनु आदि यसक कारणहरू रहेका छन् ।

रेमिटेन्स आइरहेकाले डलरको भाउ बढेपनि केही फरक नपर्ने बताइरहेका नेपालका केही बुज्रुक अर्थविदहरूले दिएको सुझाव हाल गलत साबित हुँदै गएको छ । नेपालका अर्थविद भनिनेहरूले गरेको त्यो मनोगत अनुमान दलाल पुँजीको चलखेलमा अधारित छ । उनीहरू उपल्लो तहका जागीर वा पेशाव्यवसायसँग जोडिएका र संघसंस्थाहरूसँग सम्बद्ध भएकाले आफूहरूले घरमा भित्र्याउने मासिक रकमका आधारमा देशको आर्थिक डाटाको अनुमान गर्दछन् । स्रोत पनि नखुल्ने र कर पनि तिर्नु नपर्ने यस्ता अनुदानमूलक आयस्रोत बाट पैसा कुम्ल्याएर देशको आर्थिक प्रगति वा दुर्गतिको अनुमान लगाउने यी अर्थविदहरू ...बाँकी ३ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) डडेल्धुरा चौथो जिल्ला सम्मेलन सम्पन्न

ने.क.पा. ( क्रान्तिकारी माओवादी ) डडेल्धुरा जिल्लाको चौथो जिल्ला सम्मेलन शुक्रवार जिल्ला समन्वय समितिको सभाहल किर्तिपुरमा भव्य रूपमा सम्पन्न भएको छ । 'सबैखाले नवसंसोधनवाद, पुनरुत्थानवाद, यथास्थितिवाद र प्रतिक्रियावादविरुद्ध निरन्तर आन्दोलन ! राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सुनिश्चितताका लागि चौथो जिल्ला सम्मेलन !' भन्ने मूल नाराका साथ सम्मेलनको उद्घाटन सत्रको उद्घाटन गरिएको थियो ।

ने.क.पा.( क्रान्तिकारी माओवादी )का केन्द्रीय नेता तथा जिल्ला इञ्चार्ज क.क्षितिजद्वारा मैनबत्ति बालेर सम्मेलनको उद्घाटन गरिएपछि अध्यक्ष क. लालकिरणको निर्देशनअनुसार कार्यक्रम अघि बढाइएको थियो । उद्घाटन सत्रका अवसरमा शुभकामना दिनेहरूमा प्रमुख अतिथि क. ...बाँकी ३ पेजमा

## मुस्लिम राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेला फागुन १८ र १९ गते भैरहवामा

काठमाडौं । मुस्लिम राष्ट्रिय मुक्ति मोर्चा नेपालको राष्ट्रिय भेला रूपन्देहीको भैरहवामा यही फागुन १८ र १९ गते गरिने ठेगान गरिएको छ । मुस्लिम राष्ट्रिय मुक्ति मोर्चा नेपालको शनिवार चितवनमा बसेको केन्द्रीय समितिको वैठकले उक्त निर्णय गरेको हो ।

केन्द्रीय समितिका सबै सदस्यहरूको उपस्थितिमा गरिएको निर्णयअनुसार राष्ट्रिय भेलाको तयारीका लागि ...बाँकी ३ पेजमा

# सीमा अतिक्रमण र सार्वभौमिकता

***सरकार र सरकार सञ्चालनमा रहेका जिम्मेवारी पार्टी नेतृत्वले यी प्रश्नहरूको अविलम्ब जबाफ दिन र देशको सीमा अतिक्रमणको विरोध तथा सार्वभौमिकताको पक्षमा कुटनीतिक तथा राजनीतिकलगायतका विभिन्न पहल अगाडि बढाउन अनिवार्य भएको छ । आफूलाई देशभक्त र वाम बताउने सरकारका लागि यो अन्तिम अग्निपरीक्षाको घडी पनि हो***



● मोहन वैद्य 'किरण' ●

भारतीय शासक वर्गले नेपाली भूभागमा निरन्तर सीमा अतिक्रमण गर्दै आएको छ । यस्ता सीमा अतिक्रमण एक्काईस जिल्लाका झण्डै सत्तरी ठाउँहरूमा भएका छन् । यसरी सीमा अतिक्रमित भूभागहरूमा कालापानी-लिम्पियाधुरा, सुस्ता, महेशपुर, पशुपतिनगर, आदि रहेका छन् । हालै सुस्ता क्षेत्रमा भारतीय सीमा सुरक्षा बलद्वारा नेपालीहरूले आवतजावत गर्ने बाटो बन्द गरिएको छ । अहिलेसम्म नेपालको अतिक्रमित भूभाग झण्डै १० हजार वर्गकिलोमिटर रहेको कुरा हालै प्रकाशमा आएको छ । यी देशको राष्ट्रिय सार्वभौमिकता र अखण्डताका लागि गम्भीर चुनौती हुन् ।

सीमा अतिक्रमणबारे केही समययता 'अन्नपूर्ण पोष्ट' दैनिकले निरन्तर थप कुरा प्रकाशमा ल्याउँदै आएको छ । भारतले बनाएको नक्सामा कालापानी-लिम्पियाधुरा लगायतका भूभागलाई नेपालबाट हटाई आफ्नो भूभागमा गाभेको छ । नेपाल सरकारले पनि त्यसै नक्सा अनुरूप कालापानी-लिम्पियाधुरा लगायतका क्षेत्रलाई नेपालको नक्साबाट हटाएको छ । त्यति मात्र होइन, १४ असोज २०७५ मा 'अन्नपूर्ण पोष्ट' का अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संघीय मामिला शाखाद्वारा २०७४ मा प्रकाशित एउटा पुस्तकमा देशका विभिन्न ठाउँका भूभागहरूलाई गायब पारी नेपालको क्षेत्रफल झण्डै १,३७,१६२ वर्गकिलोमिटर बनाइएको छ । नेपालको क्षेत्रफल १,४७,१८१ रहेकोमा अब त्यसमा प्रश्न चिन्ह लगाउने काम गरिएको छ । यति गम्भीर विषयमा पनि वर्तमान सरकार मौन रहेको छ ।

नेपालको सबैभन्दा बढी अतिक्रमित भूभाग लिम्पियाधुरासम्मको कालापानी क्षेत्र हो । त्यो भूभाग झण्डै ३७००० हेक्टर वा ३१० वर्ग किलोमिटर भन्दा बढी नै रहेको छ । यो क्षेत्र दार्चुला जिल्लाको लिपुलेकभन्दा पश्चिमतिर पर्दछ । यो क्षेत्र नेपालकै भूभाग हो भनेर विभिन्न सीमाविद्, परराष्ट्रविद् लगायतका बौद्धिक व्यक्तित्व र देशभक्त तथा वामपन्थी शक्ति एवम् पार्टीहरूले विभिन्न समयमा सप्रमाण आफ्ना अभिमतहरू प्रस्तुत गर्दै र आन्दोलनमा लामबद्ध हुँदै आएको कुरा सुस्पष्ट छ । यसरी अभिमत राख्ने र आन्दोलनमा लामबद्ध हुनेहरूमा अहिले सरकार सञ्चालन गरिरहेको पार्टीका कैयौं नेताहरू पनि पर्दछन् । नेपाल र अंग्रेज-भारतका बीच सन् ...बाँकी ४ पेजमा

## सम्पादकीय

# देश बेचुवा ओली सरकार

ओली सरकारले आएको ८ महिनाभित्रै देशको करिब दश हजार वर्गकिलोमिटर भूमि भारतलाई दिएको खुलासा हुनआएको छ । राष्ट्रियताको नारा निकै चर्को रूपमा लगाएको र देश बचाउने प्रतिवद्धता जाहेर गरेको ओली सरकारले सरकार सञ्चालनको सुरुमै देश बेच्न ईपीजी, एसूओसी जस्ता संयन्त्रहरू बनाएर निकै धूर्त्याइपूर्ण तरिकाले देशको भूमि विदेशीलाई हात लगाउने प्रपञ्चमा लागिरहेको छ ।

नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेकोमा हाल १० हजार वर्ग किलोमिटर क्षेत्रफल ओली सरकारले भारतलाई सुम्पिने वाचा र प्रक्रिया अपनाइ सकेपछि हाल हाम्रो देश १,३७,००० वर्ग किलोमिटरको आकार र क्षेत्रफलमा खुम्चिन पुगेको तथ्यांकहरूले देखाएका छन् । भारतीय शासक वर्गले नेपाली भूभागमा निरन्तर सीमा अतिक्रमण गर्दै आउने र ओली सरकारले ती सबैको अनुमोदन र कार्यान्वयन गर्ने वाचाले यस्तो अवस्था सिर्जना हुन पुगेको हो । भारतीय पक्षद्वारा सीमा अतिक्रमणका घटनाहरू नेपालका एक्काईस जिल्लाहरूका त्रिहत्तर ठाउँमा भएका छन् । यी अतिक्रमित जिल्लाहरू भारतसँगै सीमा जोडिएका जिल्लाहरू रहेका छन् । नेपालका अतिक्रमित भूभागहरूमा कालापानी, लिपुलेक, लिम्पियाधुरा, सुस्ता, प्यारानाला, भादानाला, ठोरी, महेशपुरहुँदै पूर्वको पशुपतिनगरसम्म रहेका छन् । आज यी देशको राष्ट्रिय सार्वभौमिकता र अखण्डताका लागि गम्भीर चुनौती बनेर उभिएका छन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पनि यसलाई स्वीकार गरेको छ । तर यसको बारेमा केही पनि बोलेको छैन । गुमेका यी भूभागहरू फिर्ता गरिन्छन् वा सदाका लागि भारतलाई सुम्पिइन्छन् ओली सरकार र यसका मन्त्रालयहरूले कुनै आधिकारिक मुख खोलेका छैनन् । संघीय मामिला शाखा आफैले भारतद्वारा गायब पारिएको भूभागहरू विनाको नेपालको नक्सालाई आफ्ना आधिकरिक प्रकाशनहरूमा प्रकाशित गरिरहेकको छ । सबैभन्दा बढी अतिक्रमित भूभाग भनेको लिम्पियाधुरादेखि कालापानीसम्मको एक विसाल क्षेत्र रहेको छ । त्यो भूभागको मात्र करीब ३७,००० हेक्टर वा ३१० वर्ग किलोमिटर भन्दा बढी क्षेत्रफल रहेको छ ।

नेपालको गुमेका यी भूभागका विषयहलाई लिएर नेपालका सीमाविद्, परराष्ट्रविद्, राष्ट्रवादी, बौद्धिक व्यक्तित्वहरूका साथै वामपन्थी तथा क्रान्तिकारी पंक्ति तथा पार्टीहरूले निरन्तर विरोध, अन्तरक्रिया तथा प्रदर्शनका कार्यक्रमहरू गरिरहेका छन् । गुमेको सीमा र भूभागहरूको ठोस प्रमाणहरूसहित नेपाल सरकारसमक्ष आफ्ना विचार तथा मागहरू राख्दै आइरहेका छन् । तर ओली सरकार कनमा तेल हालेर बसेको छ । अतिक्रमित सीमा तथा भूभागहरू गायब गरिएका नक्सा र पठनपाठनका सामग्रीहरू यथावत् कायम गरेको छ ।

तात्कालीन ब्रिटिश-इण्डिया र नेपालका बीचमा सन् १८१६ मा गरिएको सुगौली सन्धिमा नेपाललाई पूर्व मेची र पश्चिमको कालीका बीच अवस्थित सार्वभौम भूभागका रूपमा व्याख्या गरिएको छ । तर यसैलाई क्रमशः आधार बनाउँदै र अतिक्रमण गर्दै भारतले एकपछि अर्को गरी सन्धिसंझौताहरू गर्दै आएको छ । यीमध्ये सबैभन्दा खतरनाक सन्धि सन् १९५० को हो । यही सन्धिसहित त्यपछि भएका सबै असमान सन्धिसंझौताहरू कार्यान्वयन गर्ने भनी वर्तमान प्रम ओलीले दिल्लीमा कसम खाएर आएपछि हालसम्म अतिक्रिमित नेपालका सीमा तथा भूगोलहरू भारतभित्रको सीमामा पारेर नेपालको सीमाना साँघुर्‍याइएको छ ।

आज हामी सबै राष्ट्रिय स्वाभिमान तथा देशभक्त नेपालीहरूका लागि सीमा अतिक्रमण तथा सार्वभौमिकताको प्रश्न अत्यन्तै संवेदनशील बनेर आएको छ । यो घडीमा संपूर्ण देशभक्त, राष्ट्रवादी, क्रान्तिकारी, वामपन्थी तथा प्रगतिशील शक्तिहरू एकताबद्ध भई देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाका खातिर जनआन्दोलन उठान गरी दृढ संकल्पसहित अघि बढ्न जरुरी छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# ओली सरकारको सामन्तवादी चेहरा अन्त्यको आवश्यकता


हुकुमबहादुर सिंह

२०६२ र ०६३ को जनआन्दोलन, दशवर्षे माओवादी जनयुद्ध, विभिन्न जनजाति आन्दोलन, मधेस आन्दोलनआदिका दौरानमा पनि समय समयमा बाहिर आएको नेकपा (एमाले) भित्रको ओली प्रवृत्तिको अहिलेको गणतन्त्र नेपालमा फेरि पुनर्जन्म भएको छ । २०६२र०६३को जनआन्दोलनका दौरानमा उनले व्यक्त गरेका गणतन्त्र विरोधी, धर्म निरपेक्षता विरोधी, संघीयता विरोधी अभिव्यक्तिहरू जे वास्तवमा सामन्तवादी चिन्तन र प्रवृत्तिका धरोहर हुन, अहिले नेपालको संविधान २०७२ले स्थापित गर्न खोजेको दिशानिर्देशका विरुद्ध व्यवहारद्वारा निश्चित पार्ने काम उनी सरकारको नेतृत्व, त्यो पनि 'दुईतिहाई जनमत' मार्फत् गर्न थालेका छन् । गणतन्त्रमा उनले गरिरहेका सबै व्यवहारहरू राजतन्त्रको झझल्को आउने गरी गर्न थालेका छन् । धर्म निरपेक्षताको त उनले खिल्ली नै उडाइदिएका छन् ।

परम्परागत हिन्दु धर्म नेपालको राजतन्त्रसित जोडिएको सवाल हो । ओली एउटा व्यक्ति नभई नेपालका सरकारका कार्यकारीणी प्रमुख हुन । धर्म निरपेक्षताअनुसार सरकारका कार्यकारीणी प्रमुखको नाताले उनको जिम्मेवारी सरकारलाई कुनै पनि एउटा निश्चित धर्मको संरक्षकका रूपमा स्थापित गर्ने होइन । नेपालको राजतन्त्रले तात्कालीन नेपाल अधिराज्यको संविधानले व्याख्या गरे अनुसार उनी हिन्दु राजाका रूपमा जे गर्दथे त्यो उनकालागि ठिक थियो । उनले राजतन्त्रको नाममा त्यसो गरेको नेपाली जनतालाई मनपरेन र त नेपालको राजतन्त्रको अन्त्य गरेर २०६२-०६३को जनआन्दोलनले नेपालमा राजतनत्रको अन्त्य र गणतन्त्र स्थापना गर्‍यो । तर गणतन्त्रको स्थापनापछि भएका सरकारहरूले नेपालको संविधान २०७२ ले स्थापित गर्न खोजेको दिशानिर्देश विपरीत विगतमा हिन्दुवादी राजतन्त्रले गरेका हरेक कार्यहरू गणतन्त्र नेपालका राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले गर्दैछन् ।

नेपालमा विगतमा रहेको एक जना राजा, उनका परिवार र उनका भाइभारदारहरूले जे गर्दथे अहिले राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले मात्रै नभई प्रदेशका मुख्य मन्त्री र गाउपालिकासम्मका अध्यक्षले गर्दैछन् । विगतमा राजदरवार र सिंहदरवारमा रहेको सामन्तवादको दवदवा अहिले गाउँसम्म संस्थागत हुँदै गएको छ । गणतन्त्रपछि सामन्तवाद झन मौलाएर गएको छ । २०७५ को विजया दशमीका दिनको टीका लगाउने नेपालीको परम्परालाई राष्ट्रपति र प्रधानमन्त्रीले झन सामन्तीकरण गर्न थालेको पाइयो । विगतमा राजाले दरवारबाट टिका थाप्ने समयदिएर सरकारका मन्त्री, सरकारका कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरू र आम जनसाधारणलाई राजाले टिका दिंदा जे जस्तो प्रचलन थियो हुबहु अहिलेका राष्ट्रपतिले कायम गरिन ।

यसमा अझ थप नयाँ ओलीले के गरे भने कहिल्यै नगरिएको प्रधानमन्त्रीले पनि टीका थाप्ने समयदिएर सरकारका मन्त्री, सरकारका कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरू र आम जनसाधारणलाई राजाले जस्तै बालुवाटारमा टिका लगाइदिए । यसो गरेर ओलीको लोकतन्त्र भित्रका सामन्तवादी चेहराहरू अहिले उद्घाटित भएको छ । नेपालको राजतन्त्र तत्कालिन संविधानले घोषणा गरेअनुसार चलेको अनुभूति थियो । तर ओली सरकारले त नेपालको सविधान २०७२लाई नै एउटा कागजी खोस्टा बनाइदिएको छ । राजतन्त्र भनेको सामन्तवादको प्रतीधिमूलक संस्था हो, त्यसैले उसको काम सामन्तवादका मूल्य मान्यतालाई संरक्षण गर्ने, तिनको कार्यान्वयन गर्ने हो तर ओली आफूलाई गणतन्त्रको प्रधानमन्त्री भन्ने, धर्म निरपेक्षताको संविधानको कार्यान्वयन गर्ने जिम्मेवारी लिने तर व्यवहारमा आफूलाई नेपालको राजाको रूपमा स्थापित गर्नेखालका काम र व्यवहार गर्ने ? यो कस्तो गणतन्त्र र धर्मनिरपेक्षता हो ओलीको र भण्डारीको ?

नेपाली जनता त अहिले सिंहदरवारमा र राष्ट्रपति भवनमा नेपाली जनताका छोराछोरी नभई राजामहाराजा र रानी बडामहारानी देख्दै छन् । हो उनीहरूलाई त्यसो गर्ने अधिकार त्यस बेला हुन्छ, जब उनीहरूले नेपालको संविधान २०७२ लाई खारेजगरी नेपाल अधिराज्यको संविधान निर्माण गरेर त्यसमा दुईतिहाई मत ल्याउनु पर्ने हो । के त्यसो गर्ने हिममत राख्छन् ? ओली र भण्डारीको काम विगतमा राजाले गरेको कामको निरन्तरता गर्ने भनेर नेपाली जनताले उनीहरूलाई त्यहाँ पुर्‍याउका पटक्कै होइन, फेरि उनीहरूत नेपाल कम्युनिष्ट पार्टीका सदस्यहरू हुन, अनि त्यो पार्टीले के को लागि आफूलाई नेपाल कम्युनिस्ट पार्टी भन्ने गर्दछ, जसले आफ्नै पार्टी सदस्यहरूले नेपालमा सामन्तवादको पुनर्स्थापनागर्ने खालका व्यवहार क्रियाकलाप गर्दा पनि उनीहरूसित एउटासम्म प्रश्न सोध्न सक्दैन, बरु त्यसका नेताहरू र कार्यकर्ताहरूले उनीहरूका अगाडि विगतमा राजाका अगाडि जस्तै भूइँमा घुडा टेकेर दुवै हातथापी टीका ग्रहण गरिरहेका छन् । नेपालको प्रशासनतन्त्र, प्रहरी, सेना र नेपालको न्यायालयत विगतमा राजासित उनको छत्रछायाँ र जयजयकारमा घुडा टेक्न र उनका अगाडि नाच्न, लम्पसार पर्न अभयस्त थिए र उनका लागि त्यो एउटा सहज हुन सक्ला र अहिले पनि सहजरूपमा गरिहेका छन् ।

तर यी सबैका विरुद्ध परिवर्तनका लागि सहीदहरूको रगत, उनीहरूको लामो त्याग, तपस्या, बलिदानको जगमा सरकारमा पुगेका र सामन्तको अन्त्यगरी देशमा उनकै शब्दमा पुँजीवाद हुँदै समाजवादको मार्गतर्फ लाग्नेहरूको यो कन्त विजोग अहिले हामी देख्न वाध्य भएका छौ । ओलीले अहिले गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको मर्म र मूल्यमान्यतालाई जसरी खुम्च्याएर जसरी गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको लागि बनेको नेपालको संविधान २०७२ को विरुद्ध लागिरहेका छन् । र नेपालमा सामन्तवादको अन्त्य नभई यसको सुदृढीकरणमा ओलीका यी अनगिन्ति चेहराहरू राष्ट्रपति, उपराष्ट्रपति र अहिले उनका मन्त्रीहरू, सांसदहरू र सिंगो प्रहरी प्रशासन, सेना, न्यायालय आदिमार्फत अभिव्यक्त भइरहेका छन् । जसमा धर्म निरपेक्षता र संघीयताको मर्म र मूल्यमान्यता विपरीतको कार्यान्वयन र देशमा गणतन्त्र नभई ओलीवंशको उत्पत्तिको इतिहास लेख्ने अभियानमा उनका व्यवहारले पुष्टि गरिरहेका छन् । यसो गरेर यिनीहरूले नेपालको संविधान २०७२लाई एउटा कागजी खोष्टो बनाएका छन् ।

त्यसैले यो अवस्थाबाट देशलाई मुक्त गर्न सरकारमा गएका यी नव सामन्तहरू, राजाहरू, बडामाहारानीहरू र नव भारदारहरका अगाडि घुडा टेकेर टीका थाप्ने होइन् बरु यिनका विरुद्ध सशसक्त प्रतिरोधपूर्ण एउटा अर्को जनआन्दोलनको आवश्यकता छ । सही अर्थमा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको पुनर्स्थापना र कार्यान्वयनको जरुरत छ ।

# 'कोमा' बाट फर्कदैन कांग्रेस


● खगेन्द्र छन्त्याल

मुलुकमा के.पी-पी.के.को सरकार छ । राष्ट्रघात र जनघातले देश आक्रान्त छ । सीमा अतिक्रमण, बलात्कार, हत्या/हिँसा, महंगी, घुसखोरी, तस्करी र भ्रस्टाचार बढ्दो छ । तर सदनमा प्रतिपक्ष भनिएको कांग्रेस हिजोआज कतै देखिदैन/भेटिदैन । कांग्रेस सरकारमा, सदनमा, सडकमा कहिँ छैन । प्रश्न उठ्छ- कहाँ छ त कांग्रेस ? सही जवाफ हो कांग्रेस 'कोमा' मा छ ।

हो, कांग्रेस 'कोमा' मा छ, यो कुरा कंग्रेसजन सबैलाई थाह छ । कांग्रेसजनहरू अपेक्षा गर्दछन : ओली सरकारको कुकृत्यमा र उसको पतनमा कांग्रेसको भलो छ । त्यसैले, ओली सरकारले जति कुकृत्य गर्‍यो, त्यति चाँडो निको हुँदै जान्छ कांग्रेस । जति चाँडो सरकार पतन भयो, त्यति चाँडो उठ्छ कांग्रेस ! तर कांग्रेसी यो अपेक्षा मनको लड्डु घीउसँग खाने' जस्तै हो । कतिपय चिज भित्रको समस्याको समाधान त्यो चिजको विकास गरेर मात्र सम्भव हुन्छ, विनास गरेर होइन । समाजमा देखिएका समस्याहरूको समाधान समाजलाई अघि बढाएर मात्र सम्भव हुन्छ, समाजलाई पछाडि धकेलेर होइन । प्रतिक्रियावादी/पुनरुत्थानवादीहरू अघि बढ्ने, नयाँ ढंगले विकास गर्ने कुरामा विश्वास गर्दैनन् । देश र जनताको क्रान्तिकारी रूपान्तरण र विकासमा उनीहरूले सधै प्रतिक्रिया जनाउने, पछाडि फर्कने र पुराना चिजहरूको पुनरुत्थानमा जोड दिने भएको कारण नै उनीहरूलाई प्रतिक्रियावादी पुनरुत्थानवादी भनिएको हो ।

सत्ताबाट फ्याँकिएका वर्ग र व्यक्तिले पुनः सत्तामा फर्कने सपना देखिरहन्छन । सपना देख्ने छुट सबैलाई हुन्छ । सपना देख्नु, चाहना राख्नु र अपेक्षा गर्नु अपराध होइन । हिजो राणा शासनको अन्त्य पश्चात आएको कांग्रेसी शासनमा राणाहरूले कांग्रेसको पतन पश्चात् पुनः राणाकै पालो भन्दथे र त्यसैमा जोड दिन्थे । तर कांग्रेसको पतन पश्चात समयले पंचायत ल्याइदियो, भलै कांग्रेसभन्दा प्रतिगामी भएतापनि त्यो राणा शासन भन्दा एक कदम प्रगतिशील थियो । ०४६ को जनान्दोलनले निरङ्कुश राजतन्त्रात्मक पंचायतको अन्त्य गर्‍यो, संवैधानिक राजतन्त्रात्मक संसदवादको आरम्भ भयो । त्यतिबेला पूर्वपंचहरू भन्थे संसदवादको पतन पश्चात फेरि पालो पंचायती निरङ्कुश राजतन्त्रकै हो ।

तर महान जनयुद्धको जगमा भएको जनान्दोलनले राजतन्त्रकै अन्त्य गर्‍यो । राजतन्त्रको अन्त्य पश्चात जनता जनगणतन्त्रको स्थापना चाहन्थे, तर महान जनयुद्ध र जनान्दोलनका केही निर्णायक नेताहरूको गद्दारीका कारण मुलुकमा जनगणतन्त्र होइन, सामान्य गणतन्त्र स्थापना भयो । यो सामान्य गणतन्त्रको पनि अन्त्य अवश्यम्भावी छ । पुनरुत्थानवादीहरू यसको अन्त्य पश्चात निरङ्कुश राजतन्त्रको पुनर्स्थापना चाहन्छन् । प्रतिक्रियावादी यथास्थितिवादीहरू यही सामान्य गणतन्त्रको निरन्तरता चाहन्छन र त्यही सपना देख्छन् । क्रान्तिकारीहरू यसको अन्त्य पश्चात जनगणतन्त्रको स्थापना चाहन्छन र त्यसको निम्ति अघि बढ्छन् ।

ओली सरकारको पतन अवश्यम्भावी छ । ओलीको पतन पश्चात 'कोमा' मा रहेको कांग्रेस उठेर घुम्ने मेचमाथि बसेको सपना देख्ने छुट कांग्रेसजनलाई छ । ०४६ देखि ०७४ सम्म यो या त्यो ढंगले सत्तामा रहेको कांग्रेस ओलीको उदय पश्चात् सत्ताच्युत भएर पानीबिनाको माछी झैँ भएको छ । यो अवस्थामा सत्तामा गडबडी देख्ने बित्तिकै कांग्रेसले आफ्नो सत्तारोहणको सपना देख्नु अस्वभाविक होइन । ओलीको यही गतिविधि रहेमा कमसेकम अहिले यही परिस्थिति मै र बढी से बढी अर्को चुनाव पछिको सरकारमा कांग्रेस उक्लिने कुरामा कांग्रेसजन ढुक्क देखिन्छन । तर सत्तामा बसेर कांग्रेसले गरेका देश घात र जनघातका कैयौ प्रमाणहरू जनताका खल्तीमा सुरक्षित छन । अर्को कुरा, पछाडि फर्केर होइन, आगाडि बढेर समस्याका समाधान खोजिनु पर्दछ । ओलीको विकल्पमा कांग्रेस ल्याउनु र आउनु भनेको देशलाई पछाडि फर्काउनु हो । ओलीको विकल्प कांग्रेस सोच्नु पश्चगामी सोच हो, देश समाजलाई पछाडि धकेल्नु हो । विनास गर्नु हो । विनास, पश्चगमन, यथास्थितिवाद र पुनरुत्थानवाद समस्याको समाधान होइनन् । कांग्रेस पुरानो सडेगलेको प्रतिक्रियावादी पार्टी हो, कांग्रेसलाई ओलीको विकल्प रोज्नु यथास्थितिवाद मात्र होइन, पुनरुत्थानवाद पनि हो ।

के.पी.-पी.के को पार्टी नवप्रतिक्रियावादी पार्टी हो, त्यो पार्टीबाट नै ओलीको विकल्प खोज्नु यथास्थितिवाद हो । यथास्थितिवाद परिवर्तनको बाधक हो । ओलीको ठाउँमा कांग्रेस, कांग्रेसको ठाउँमा पंच गर्दै पछाडि फर्कदै गर्दा हामी १०४ वर्षे जहानिँया शासनसम्म पुग्ने निश्चित हुन्छ । के हामी पुग्न चाहेको ठाउँ त्यही हो ? अवश्य होइन । तसर्थ, ओलीको विकल्प प्रतिगमनमा होइन, अग्रगमन खोज्नु पर्दछ । विनासमा होइन, विकासमा खोज्नुपर्दछ । पछाडि होइन, आगाडि खोज्नु पर्दछ । यथास्थितिमा होइन, परिवर्तनमा खोज्नु पर्दछ । सारमा विकल्प ओली भन्ने एउटा पात्र र उसको सकारको होइन, सिंगो प्रतिक्रियावादी संसदीय व्यवस्थाको खोजिनु पर्दछ । अर्को शब्दमा संसदीय व्यवस्था अन्तर्गतको सरकार, व्यक्ति परिवर्तन होइन, प्रतिक्रियावादी संसदीय ब्यवस्थाको नै खारेजी गर्नु पर्दछ । र, त्यसको ठाउँमा नयाँ जनवादी व्यवस्था स्थापना गर्नु पर्दछ ।

कांग्रेस २००७ को संघर्षमा तत्कालिन सत्ता र शासनका विरुद्ध लड्ने संघर्षशील शक्ति थियो । ०१७ देखि ०३६ हुँदै ०४६ सम्म केवल बहुदलको निम्ति मात्र भए पनि निरङ्कुश पंचायती सत्ताको विरुद्ध लड्ने सामान्य परिवर्तनकामी शक्ति थियो । र ऊ आमूल परिवर्तनकारी आन्दोलनको मित्र शक्ति थियो । तर ०४६ देखि ०५२ हुँदै आजपर्यन्त समयको गतिशीलतामा कांग्रेसले गति लिन सकेन । समाज विकासको नियम तथा देश र जनताको आमूल परिवर्तनको चाहनालाई उसले बुझ्न सकेन । बरु सामन्त, दलाल र नोकरशाही पुंजीपति वर्गको शासन/सत्ताको ऊ रक्षाकवच बन्यो । अतः कांग्रेस नेपाली क्रान्तिको दुस्मन शक्ति बन्यो ।

समय, परिस्थिति तथा आन्दोलनको आवश्यकतामा पार्टी, संगठनहरूको जन्म र बिघटन हुन्छन् । कुनै पनि पार्टी संगठनले एउटा निश्चित वर्गको प्रतिनिधित्व गर्दछ । निश्चित वर्गको प्रतिनिधि पार्टी संगठन रूपमा जेजस्ता र जेजति देखिए पनि सारमा अन्ततः एउटै र एकीकृत हुन्छन । सामन्त दलाल र नोकरशाही पुँजीपति वर्गको पुरानो प्रतिनिधि पार्टी हो कांग्रेस । नेपाली जनताले गरेको ००७ को सशस्त्र संघर्षको कांग्रेसले नेतृत्व गर्‍यो । ०३६, ०४६ र ०६२/०६३ को जनान्दोलनमा यसले विशेष भूमिका निभायो, त्यो समयको माग थियो । अहिले समय धेरै अघि बढेको छ, परिस्थिति बदलिएको छ, तर कांग्रेस हिजो जहाँ थियो, आज पनि त्यहीं छ । उसको सोच, चिन्तन, कार्यशैली र कार्यदिशा हिजो जेजस्तो थियो, आज पनि उही र उस्तै छ । यसर्थ, कांग्रेसले अबको आन्दोलनको नेतृत्व गर्न सक्दैन । कांग्रेस रुढिग्रस्त, थोत्रो र जीर्ण भएको छ, तर समस्या नयाँ छन ।

यसर्थ, नयाँ परिस्थितिको सामना गर्न पुरानो कांग्रेसले नसक्ने भएपछि आफ्नै वर्गले कांग्रेसको साथ छोडेको छ । स्वदेशका सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गले पुरानो कांग्रेसको साथ छोडेर नयाँ कांग्रेस (नेकपा) गठन गरेको छ । नयाँ समस्याहरूसंग जुध्न र नयाँ भ्रम सिर्जना गरेर नेपाललाई थप लुट्ने माध्यम बनाउन पुरानो कांग्रेस अयोग्य देखेपश्चात् विदेशी प्रभुहरूले पनि नयाँ कांग्रेस (नेकपा) लाई नै आफ्ना नयाँ दलाल चयन गरिसकेका छन् । यो अवस्थामा अब 'कोमा' मा रहेको कांग्रेस के गर्ला ? यो प्रश्न न्यायप्रेमी ईमान्दार तथा देशभक्त कांग्रेसजनको निम्ति चिन्ताको प्रश्न हो । यो विषय सर्वसाधारणको निम्ति जिज्ञासा र कौतुहलताको विषय पनि हो । अवश्य यो अवस्थामा कांग्रेसको निम्ति सम्भव र असम्भव चारवटा बाटा छन् ।

प्रथमः आफूलाई शीरदेखि पैतालासम्म रूपान्तरण गरेर, टाउकाले टेकेर पश्चिम हिँडेको मान्छे खुट्टाले टेकेर पूर्व हिँडे झैँ हिँड्नु अर्थात् सर्वहारा वर्गको प्रतिनिधि पार्टी र नेता बन्ने । यो बाटो व्यक्तिगत रूपमा इमान्दार, न्यायप्रेमी, उत्पीडित तथा देशभक्त कांग्रेसजनहरूको निम्ति सम्भावनाको बाटो हो । क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका थुप्रै दिग्गज नेताहरू विगतमा रूपान्तरित भएर कांग्रेसबाट यसरी नै आएका छन् । पुष्पलाल, मोहनविक्रम, निर्मल लामा लगायत सयौं यस्ता उदाहरण हामीसंग छन् । तर संस्थागत रूपमा यो बाटो कांग्रेसको निम्ति लगभग असम्भव छ ।

द्वितीयः नयाँ कांग्रेस (नेकपा) मा समाहित हुने । व्यक्तिगत स्वार्थ र लाभ हानीको कुरा मिलेको खण्डमा सिद्धान्त, विचार, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एउटै भएकोले यो सम्भावनाको बाटो हो । तृतीयः नयाँ प्रजा परिषद् बन्ने । नयाँ नीति, नेता, विचार, दृष्टिकोण, सिद्धान्त, कार्यक्रम, कार्यशैली, कार्यदिशा, कार्यनीति र रणनीतिको विकास नगर्ने केवल इतिहासको ब्याजबाट मात्रै पार्टी चलाउने दुस्साहस गरेमा यो पनि सम्भावनाको बाटो हो । चतुर्थः पार्टी बिघटन गर्ने । कांग्रेसको वर्तमान गतिविधि हेर्दा सबैभन्दा बढी सम्भावना बोकेको बाटो यही हो । यो सम्भावना यथार्थ साबित भयो भने सुनिश्चित छ 'कोमा' बाट फर्कदैन कांग्रेस ।

## सीमा...

सोच बनाइए पनि हालका लागि यो वैचारिक रूपमा अलि बढी केन्द्रित गरिएको बताए । प्रतिक्रियावादीहरूले क्रान्तिकारी हरूलाई वैचारिक तथा भौतिक रूपमा चारैतिरबाट आक्रमण गरिरहेकाले त्यसको प्रतिरोधका लागि गरिइरहेका तयारीहरूमध्ये यो सबैभन्दा ठूलो वैचारिक तयारी रहेको बताउँदै उनले क्रान्तिकारीहरू ती प्रतिक्रियावादीहरूभन्दा श्रेष्ठ बन्नुपर्ने आवश्यकता आएको कुरामा जोड दिएका थिए ।

सञ्चालक तथा केन्द्रीय स्कुलिङ विभागका सदस्य हस्तबहादुर केसीले स्कुलिङलाई व्यवस्थित गर्न, विचारअनुसार बुझाइमा एकरूपता ल्याउन यो कार्यक्रम चलाइएको भन्दै पार्टी संगठन सुदृढीकरण तथा जनपरिचालन अभियानको अन्त्य हुनलाग्दाको अवस्थासँगै यसलाई जोडिएको कुरामा जोड दिएका थिए ।

कार्यक्रमका अतिथिहरूमा क्रान्तिकारी माओवादीका महासचिव मोहनवैद्य 'किरण', देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, स्थायी समिति सदस्य रामसिंह श्रीस, केन्द्रीय स्कुलिङ विभागका अध्यक्ष परि थापा, पीवीएम् सीताराम तामाङ, ईन्द्रमोहन सिग्देल 'वसन्त', सल्लाहकार ओम गुरुङ, वुद्धिजीवी अध्यक्ष हुकुम बहादुर सिंह, प्राध्यापक जगदीशचन्द्र भण्डारी लगायतका जिम्मेवार नेताहरू रहेका थिए ।

## नेकपा...

क्षितिजसहित सुदुरपश्चिम प्रदेश सदस्य तथा कंचनपुर जिल्ला सेक्रेटरी क. बिक्रान्त, बझाङ्ग जिल्ला सेक्रेटरी क. गौरव सिंह र अखिल (क्रान्तिकारी) का केन्द्रिय नेता तथा प्रदेश संयोजक रामबहादुर महरा लगायत रहेका थिए ।

उद्घाटन सत्रको पहिलो चरण सिद्धिएपछि सयौं प्रतिनिधि तथा पर्यवक्षेकको उपस्थितिमा सम्मेलनको बन्द सत्र सुरु भएको थियो । बन्द सत्रमा प्रवेश गरेपछि अध्यक्ष मण्डल निर्माण गरी आयोजक समिति बिघटन भएको घोषणा अध्यक्ष मण्डलले गरेको थियो । बन्द सत्रमा क. लालकिरणले "यथास्थितिको क्रम भङ्ग नै आजको अनिवार्य आवश्यकता" नामक शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । वृहत् छलफल र सुझावपछि उक्त प्रतिवेदन पारित गरिएको थियो । प्रतिवेदन पारित भएपछि क. लालकिरणको नेतृत्वमा २१ सदस्यीय जिल्ला समिति निर्वाचित गरिएको थियो ।

नव निर्वाचित कमिटीलाई प्रशिक्षण तथा निर्देशन दिँदै प्रमुख अतिथि तथा अतिथिहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरू र ती समस्याहरूलाई लिएर गरिइँदै आएका संघर्षका कार्यक्रमहरूमाथि पर्याप्त प्रकाश पारेका थिए । अबका संघर्षका कार्यक्रमहरूबारे खाकाहरू प्रस्तुत गर्दै गरिने संघर्षका क्रममा जस्तोसुकै चुनौतीको सामना गर्न पनि आफूहरू तयार रहेको कुरामा जोड दिएका थिए ।

बधाइ तथा शुभ-कामना मन्तव्यको कार्यक्रम सकिएपछि नवनिर्वाचित सेक्रेटरी क. लालकिरणबाट प्रतिबद्धता मन्तव्य जाहेर गरिएको थियो । नव निर्वाचित सेक्रेटरीबाट उक्त ऐतिहासिक सम्मेलनलाई सफल पार्नका लागि अमूल्य सहयोग गर्ने सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, कार्यालय प्रमुखहरू, मजदुर, किसान, शिक्षक, विद्यार्थी, बुद्धिजिवी, समाजसेवी, राजनीतिकर्मी, संघसंस्था, पत्रकार एवं सुरक्षा निकायलाई आभार प्रकट गरिएको थियो ।

## बैंकहरूद्वारा...

देशका लागि घाँडो भएका छन् ।

यसभन्दा अघि जे पनि कांग्रेसका कारणले भएको भनी नथाक्ने ओली र उनको सरकारको संरक्षणमा हाल भ्रष्ट, तस्कर, दलाल, माफिया तथा विचौलियाहरूको बिगबिगी बढेकाले मक्किएको देशको अर्थतन्त्र तीब्रतामा धरासायी हुँदै गएको छ । स्वदेशी उत्पादन, प्रवर्द्धन, स्थानीय अर्थतन्त्रको उन्नतिका लागि योजना तथा कार्यक्रमहरू पनि केही तय गरिएका छैनन् ।

हुँदा हुँदा त साना किसान तथा व्यवसायीहरूले लिने ऋण पनि वैंकले नदिने भएपछि बचेखुचेको देशको अर्थतन्त्र चौपट हुने स्वतः छ । हालसम्म पञ्चायतकालीन त्रिवर्षीय तथा पञ्च वर्षीय योजनाहरू खडा गरिदिएको आर्थिक जगले केही काम गरेको थियो । यो पनि अबदेखि कागजमा देखने निरन्तरता बाहेक व्यवहारमा केही बाँकी नै छैन ।

यो वित्तिय संकटले उद्योगी तथा व्यवसायीका साथै किसानहरूले पनि ऋणलिएर आन्तरिक उत्पादनमा गर्न सक्ने उत्पादन वृद्धि र त्यसको निर्यातका कमी ल्याई देशलाई आर्थिक टाट पल्टने अवस्थामा पुऱ्याउने छ ।

## मुस्लिम...

सांगठनिक तथा अन्य तयारीहरू पनि एकसँगै अघि बढाइने निर्णय लिइएको छ । जसअनुसार असोज-कार्तिक महिनामा देशव्यापी संगठन विस्तार तथा जनपरिचालन, मंसीर महिनाभर जिल्ला समितिहरूको गठन, पुनर्गठन र भेला तथा पौष-माघ दुई महिनामा स्थानीय तथा प्रदेश समितिहरूको गठन, पुनर्गठन तथा भेला गरिने छ ।

स्थानीय तथा प्रादेशिक समितिहरूको पुनर्गठन तथा भेला सकिएपछि केन्द्रीय समितिको निर्णय मुताबिक रूपन्देहीको भैरहवामा मोर्चाको केन्द्रीय भेला सम्पन्न गरिने बताइएको छ ।

## नक्कली...

लागि स्मरणपत्र दिने र अनुगमन गर्ने अभियान चलाइरहेको छ ।

मोर्चा र लिगले दोस्रो चरणको रूपमा कार्तिक १५ गते काठमाडौंका अन्य नगरपालिकाहरूमा अनुगमन तथा स्मरण पत्र बुझाउने कार्यक्रम तय गरेको छ । अनुगमन अभियानमा पार्टीका केन्द्रीय नेताहरूलगायत देजमो र क्रान्तिकारी युवा लिगका नेता कार्यकर्ताहरूको सहभागिता रहेको छ । नक्कली नक्सा प्रयोगका विरुद्ध अनुगमन टोलीले कालो झण्डा, व्यानरसहित कालापानी क्षेत्र भएको सक्कली नेपालको नक्सा समेत प्रदर्शन गर्दै आएका छन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका ज्वलन्त सवालहरूमा मोर्चा र लिगले निरन्तर विरोध प्रदर्शन गर्दै आएका छन् । असोज २३ गते मात्र दुवै संगठनको संयुक्त आयोजनामा कालो काठमाडौंमा वृहत् मार्चपास तथा विरोध सभा गरिएको थियो । विरोध सभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरेका थिए भने मार्चपासमा सयौं नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो । कालो टि-सर्ट, झण्डा र व्यानरसहित प्रदर्शन गरिएको कालो मार्चपास शान्तिबाटिकाबाट सुरु भई बागबजार, पुतलीसडक, पद्मोदय मोड, प्रदर्शनीमार्ग, सुन्धरा, न्यूरोड, इन्द्रचोक, असन हुँदै शान्तिबाटिकामा पुगेर विरोधसभामा परिणत भएको थियो ।

## बरिष्ठ...

अखिल नेपाल जनसाँस्कृतिक महासंघका केन्द्रीय अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी, क्रान्तिकारी माओवादीका केस शारदा महत लगायतका नेता कार्यकर्ता तथा पत्रकारहरू पशुपति आर्यघाट पुगेका थिए । क्रान्तिकारी माओवादीका नेताहरूले हुमागाईको पार्थिव शरीरमाथि पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गरेका थिए । पत्रकार हुमागाईं क्रान्तिकारी माओवादी काठमाडौंका सदस्य समेत रहेका थिए ।

यसैबीच, क्रान्तिकारी पत्रकार महासंघ र देजमो काठमाडौंले छुट्टाछुट्टै वक्तव्य जारी गरी हुमागाईको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउतले जारी गरेको वक्तव्यमा भनिएको छ, "करिब चार दशकदेखि निरन्तर पत्रकारिता पेशामा आबद्ध रही जनपक्षीय पत्रकारिता तथा आमूल परिवर्तनको आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएका बरिष्ठ पत्रकार तथा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार/काठमाडौं जिल्ला संयोजक, नेपालभूमि साप्ताहिकका संस्थापक सम्पादक, वर्गदृष्टि साप्ताहिकका स्तम्भकार तथा साहित्यकार रामचन्द्र हुमागाईको ६५ वर्षको उमेरमा निधन हुन पुगेको छ । कलेजो रोगको उपचार गराइरहनु भएका उहाँको आज दिउसो ३ : ५० मा सानेपास्थित जेष्ठ नागरिक केयर होममा निधन भएको हो । उहाँको निधनले हाम्रो संगठनलाई स्तब्ध तुल्याएको छ । उहाँको निधनबाट हाम्रो संगठनका साथै जनपक्षीय पत्रकारिता तथा आमूल परिवर्तनको आन्दोलनमा अपुरणीय क्षति हुन पुगेको छ । चौतर्फी अवसरवाद र प्रतिक्रियावादको घेराबन्दीका बीच पनि आफूलाई क्रान्तिकारी तथा जनपक्षीय पत्रकारिता आन्दोलन एवम् आमूल परिवर्तनको धारामा जीवन समर्पण गर्नुभएका रामचन्द्र हुमागाईप्रति उच्च सम्मान व्यक्त गर्दै हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । र, यस दुःखद् घडीमा उहाँको निधनबाट शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।"

यसैबीच, पत्रकार हुमागाईको श्रद्धाञ्जली सभा कार्तिक १६ गते इच्छुक प्रतिष्ठानको हल, घट्टेकुलो, काठमाडौंमा गरिने भएको छ । क्रान्तिकारी माओवादी र देजमो काठमाडौं जिल्ला कमिटि, क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय समिति र इच्छुक प्रतिष्ठानको संयुक्त आयोजनामा श्रद्धाञ्जली कार्यक्रम गरिने भएको छ । कार्यक्रम दिनको १२ बजे राखिएको आयोजकहरूले जनाएका छन् ।

## माओले...

! उपसर्गका रूपमा रहेको 'महा' शायद साझा परेर पनि हुनसक्छ, धेरैले घोप्टिएरै टीका थापे । घुँडा टेकेरै आशिष मागे । यसले नेपोलियन बोनापार्टको ताजा स्मरण गराएको छ । राजतन्त्र विरुद्धको लडाइँमा जीवन अर्पेका बोनापार्ट आफैले पछि आफूलाई सम्राट घोषणा गरेका थिए । आफूले आफैलाई राजा बनाएका थिए ।

एउटा कथा पनि छ नेपाली समाजमा । एकजना स्थानीय भूरेटाकुरे राजाका विरुद्धमा एकजना जनताको छोरोले सारा गाउँ उठाएर विद्रोह गरेर राजालाई काटेछ । तर काटिएको राजा भूइँमा छटपटाउँदै गर्दा त्यो विद्रोही 'नायक' श्रीपेच लगाई काटिएको राजाको सिंहासनमा बसेर 'ए साथीहरू हेर, मलाई कत्तिको सुहाएको छ, म कस्तो देखिएको छु ?' भनी प्रश्न गर्दा एकजनाले जवाफ दिएछ- 'अघिको राजाभन्दा पनि राम्रो । अघिको बूढो थियो अहिलेको त भर्खरको तन्नेरी !'

कुरा यही हो । नेपालमा सबैलाई राजा हुने रहर छ । दुईतिहाइ प्राप्त राजा ! संघीय राजा ! प्रदेशका राजा ! गाउँपालिकाका राजा ! नगरपालिकाका राजा ! उठायो कर खायो खाजा !

राजाले गद्दीमा बसेर टीका लगाइदिने र टीका छर्किदिने गर्दछन् । त्यो भन्दा बढी उनले घुँडा टेकाएर टाउकोमाथि हात राखेर आशिर्वाद दिन्छन् । अहिले पनि भयो यस्तै किनकि यो संस्कारको कुरा हो । प्रम केपी ओली दिल्ली गएर सन् १९५० लगायतका सबै असमान सन्धिसंझौता कार्यान्वयन गर्छु भनी घुँडा टेकेर आशिर्वाद थापी आउँछन् । यो परम्परादेखि चलि आएको कुरा हो । हाम्रो गौरवपूर्ण संस्कार हो । राष्ट्रपति वा प्रधानमन्त्री हुनु भनेको गणतन्त्रको राजा त हो । राजाकै ठाउँमा बसेका छन् । मानिसको सोंच, चिन्तन, आचार, व्यवहार सित्तिमा बदलिने कुरा पनि त होइनन् नि त ?

मान्छेले खिल्ली उडाउँछन् । माओले चीनमा किन चलाएको होला यो 'सर्वहारा सांस्कृतिक क्रान्ति' भन्ने जात ? सांस्कृतिक रूपान्तरण वा क्रान्तिको के त्यति सार्‍हो महत्व रहेछ र हो ? ओलीदाहालको राज्यमा जस्तो महामहिम राष्ट्रपतिले घुँडा टेकाएर शरण र चरण दुबैमा पारेर, गाथगादी बचाएर समाजवाद निर्माणको दिशामा टीका लगाई हाँके त भइ हाल्यो ।

अर्को कुरो, यो संस्कार संस्कृति त राजा रामचन्द्रले चलाएका हुन् । राजाले चलाएको संस्कृति राजा फालेर गणतन्त्र ल्याउने र ल्याएकाहरूले किन मान्नु पर्‍यो ? जनताको संस्कृति माने हुन्न र ? गणतन्त्र भनेको जनताको राज भनिन्छ त । कि यो नाटक हो ?

तेस्रो कुरा, रावणलाई मारेर श्रीलंकामा दलाल विभीषणको राज्य खडा गरिदिएका रामले चलाएको संस्कारै किन आर्शिकरण गर्नु पिर्‍यो त ? गणतन्त्रलाई आदर्शीकरण गर्ने कि सामन्तवाद र राजतन्त्रलाई ? गणतान्त्रिक संस्कार निर्माण र आदर्शीकरण गर्ने कि राजतन्त्रात्मक सामन्ती संस्कार ?

दश वर्ष जनयुद्ध लडेका पुस्पकमल दाहाल त 'हाम्रो सामाजीकरण नै भएन' भन्दै दाहिने देब्रे दुबै हातले टीका मुछेर निधारैभरि घसिरहेका थिए । अब उनको सोसलाइजेशन पहाडको छुप्पोमा पुग्यो कि जस्तो छ ।

# हार्दिक श्रद्धाञ्जली



जन्म : २०१०/०३/०५

मृत्यु : २०७५/०७/०४

स्व. रामचन्द्र हुमागाईं

क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार तथा काठमाडौं जिल्ला संयोजक, **नेपाल भूमि** साप्ताहिकका संस्थापक सम्पादक तथा **वर्गदृष्टि** साप्ताहिकका स्तम्भकार **रामचन्द्र** हुमागाईंको असामयिक निधन भएको यस दुःखद घडीमा हुमागाईंप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**वर्गदृष्टि साप्ताहिक परिवार**
**क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय समिति**

# हार्दिक श्रद्धाञ्जली



जन्म : २०३६/०३/१४

मृत्यु : २०७५/०६/२१

स्व. सरस्वती श्रेष्ठ

अखिल नेपाल क्रान्तिकारी अटो मजदुर संघको केन्द्रीय उपाध्यक्ष सुन्दर श्रेष्ठको माइली बुहारी **सरस्वती श्रेष्ठ**को क्यान्सर रोगबाट असामयिक निधन भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछ ।

**अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, भक्तपुर जिल्ला समिति**


# शुभकामना

बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०७५ को उपलक्ष्यमा देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

दिपेश बिडारी
प्रमुख प्रशासकीय अधिकृत

**खनियाबास गाउँपालिका कार्यालय परिवार, धादिङ**

# शुभकामना

बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०७५ को उपलक्ष्यमा देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

भीमप्रसाद ढुंगाना — नगर प्रमुख
मनराज भण्डारी — उपप्रमुख

**नीलकण्ठ नगरपालिका परिवार**
धादिङ

## सीमा...

